नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

पत्र संख्या: ०७८/७९

चलानी नं. 2678

वागमती प्रदेश, नेपाल

मितिः २०७९।०२।०४

विषयः कार्यालय समय परिपालना सम्बन्धमा ।

**श्री शाखाहरू (सबै),**
नीलकण्ठ नगर कार्यपालिकाको कार्यालय, धादिङ

**श्री वडा कार्यालयहरू (सबै),**
नीलकण्ठ नगरपालिका, धादिङ

**श्री शैक्षिक संस्थाहरू (सबै),**
नीलकण्ठ नगरपालिका, धादिङ

**श्री स्वास्थ्य संस्थाहरू (सबै),**
नीलकण्ठ नगरपालिका, धादिङ

**श्री परियोजनाहरू (सबै),**
नीलकण्ठ नगरपालिका, धादिङ

नेपाल राजपत्रमा मिति २०७९/०१/२६ गते प्रकाशित हसामा दुई दिन (शनिवार र आइतवार) सार्वजनिक विदा दिने तथा कार्यालय समयसम्वन्धी नेपाल सरकार, गृह मन्त्रालयको सूचना यसैसाथ संलग्न छ । बेहोरा संलग्न सूचनाबाटै जानकारी गर्नुभई सोही बमोजिम गर्ने/ गराउने प्रवन्ध हुन अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

कार्यालय ठेगानाः नीलकण्ठ नगरपालिका वडा नं. ३, धादिङ
Email: neelakanthamun@gmail.com
website: www.neelakanthamun.gov.np

# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले परीक्षणको रुपमा संवत् २०७९ साल जेठ १ गते देखि लागू हुने गरी हप्तामा दुई दिन विदा दिने गरी देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) प्रत्येक शनिबार र आइतबार सार्वजनिक बिदा दिने,

(ख) सोमबार देखि शुक्रबारसम्म कार्यालय समय बिहान ९.३० बजे देखि अपरान्ह ५.३० बजेसम्म निर्धारण गर्ने,
तर कात्तिक १६ गते देखि माघ १५ गतेसम्म कार्यालय समय बिहान ९.३० बजे देखि अपरान्ह ४.३० बजेसम्म रहने ।

(ग) संवत् २०७९ सालको लागि निर्धारण गरिएका दशैं र तिहारका सार्वजनिक विदा बाहेक अन्य विदा लगातार दुई दिनभन्दा बढी भएमा सार्वजनिक सेवा प्रवाह गर्ने अस्पताल र स्वास्थ्य चौकी, रोपवे, टेलिफोन, प्रहरी, विद्युत, खानेपानी, अध्यागमन, वारुणयन्त्र, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, कन्सुलर सेवा, राहदानी सेवा, हुलाक, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, बैंकिङ्ग सेवा, आन्तरिक राजश्व, भूमिसुधार तथा मालपोत कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, भन्सार कार्यालय र स्थानीय तहले तेस्रो दिनदेखि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गृह मन्त्रालयले समय निर्धारण गरे बमोजिम सेवा प्रवाहको व्यवस्था मिलाउने,

(घ) खण्ड (ग) बमोजिमका कार्यालयमा सार्वजनिक बिदाको दिनमा सेवा प्रदान गर्ने कर्मचारीलाई सट्टा बिदा दिने गरी सम्बन्धित निकायले कर्मचारीको व्यवस्थापन गर्ने ।

आज्ञाले,
टेकनारायण पाण्डे
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१०-
गो.द.द.नं. १६।२०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।